लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा

# मल्टीमेडिया एल.ई.डी. सूचना पाटी खरिद/आपूर्ती, जडान सम्बन्धी दरभाउपत्र आह्वान सूचना

**IFB No: LHN/2076/077- 03**
(प्रथम पटक प्रकाशित मितिः- २०७६/०९/१०)

चालु आ.व. २०७६/०७७ मा यस कार्यालयलाई आवश्यक परेको देहाय वमोजिमको मल्टीमेडिया एल.ई.डी. सूचना पाटी खरिद/आपूर्ती, जडान गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

निम्न :-

०१. दरभाउपत्र फाराम खरिद गर्न ईच्छुक उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्महरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७६/०७७ कालागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयको राजस्व शाखाबाट दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएका दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्महरुले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम र ठेक्का नं. प्रष्टसंग लेखी १६ औं दिनसम्म दिनको १२:०० वजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० वजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा समेत रीतपूर्वकको दरभाउपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन । दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०३. एक उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्मबाट खरिद गरेको दरभाउपत्र अर्को उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्मको नामबाट दर्ता गर्न पाइनेछैन ।

०४. शिलवन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं. ०३६०३००००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको वाँणिज्य बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिन म्याद भएको) पेश गर्नुपर्नेछ ।

०५. दरभाउपत्र फाराममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

०६. खरिद/आपूर्ति गरिने सवारी साधनमा लाग्ने ढुवानी खर्च तथा सम्पूर्ण कर रकम दरभाउपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

०७. दरभाउपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सो लाई मान्यता दिईनेछैन ।

०८. दरभाउपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धी कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । दरभाउपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरी web site समेतमा राखिनेछ । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

०९. दरभाउपत्र सम्वन्धी विस्तृत जानकारीकालागि प्रि-बीड मिटिंग २०७६/०९/१६ गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै उत्पादक कम्पनी वा आधिकारिक विक्रेता/आयातकर्ता, आपूर्तिकर्ता फर्महरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१०. एकपटक दर्ता भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

११. कुनैपनि कारण जनाई वा नजनाई दरभाउपत्रको सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र स्वीकृत भएपछि पनि कार्यालयले सामानको परिमाण थपघट गर्न सकिनेछ ।

१२. खरिद/आपूर्ति गरिने वस्तुको विस्तृत **Technical Specification** दरभाउपत्र फाराम साथ संलग्न रहनेछ ।

१३. रीत नपुगी वा म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । दरभाउपत्र सम्वन्धी अन्य केही कुरा वुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१४. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

## तपसिल :-

| ठेक्का नं. | खरिद/आपूर्ति गरिने सवारी साधनको नाम | संख्या | लागत अनुमान रकम (भ्याट बाहेक) रु. | जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर रकम रु. |
|---|---|---|---|---|---|
| ०५/२०७६/०७७ (वस्तु खरिद) | **Multimedia LED Notice Board** | १.०० (एक) थान | १३,७७,८७६।११ | ४२,०००।०० | १,०००।०० |

२०७६।८।१३

........................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत